निजामती सेवा दिवस २०८१ तथा संविधान तथा राष्ट्रिय दिवस २०८१ को अवसर पारी नवलपुर जिल्लामा विभिन्न कार्यक्रम हरु सञ्चालन भएका छन्। जिल्ला प्रशासन कार्यालय नवलपरासी ( ब.सु.पूर्व) को संयोजन तथा समन्वय र कर्मचारी मिलन केन्द्र नवलपरासी ( ब.सु.पूर्व)को आयोजनामा “समुदायमा राष्ट्र सेवक!” अभियान सहित २०८१ साल भाद्र १८ गते देखि दैनिक रुपमा बिभिन्न रचनात्मक एवं सृजनात्मक कार्यक्रमहरु भब्य रुपमा सम्पन्न भएका छन्

जस अन्तर्गत

१) भाद्र १८ गतेका दिन कर्मचारी र पत्रकार बीचमा मैत्रीपूर्ण फूटसल प्रतियोगिता सम्पन्न भएको छ । जसमा कर्मचारीको टिमले पत्रकारको टिमलाई ९-५ गोल अन्तरले हराएको थियो । प्रमुख जिल्ला अधिकारी अरुण पोखरेलले नेपाल पत्रकार महासंघ नवलपुरका अध्यक्ष वीरेन्द्र प्रसाद पराजुलीलाई मायाको चिनो प्रदान गरी खेलकुदको सुरुवात गरिएको थियो। करिब २५० जना कर्मचारी, पत्रकार एवं खेलप्रेमीहरुको सहभागीतामा कावासोती नगरपालिका ८ थकालिचोक स्थित कवर्ड हलमा भएको उक्त प्रतियोगितामा जिल्ला खेलकुद विकास समितिले प्राविधिक व्यवस्थापनमा सहयोग गरेको थियो भने जिल्ला समन्वय समिति नवलपुरले जर्सी लगायत सहयोग गरेको थियो। कर्मचारी टिमको  नेतृत्व प्रमुख जिल्ला अधिकारी अरुण पोखरेलले गर्नुभएको थियो जसमा सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजाल, कर्मचारी मिलन केन्द्रका अध्यक्ष एवं प्रमुख कोष नियन्त्रक वीरेन्द्र प्रसाद घिमिरे, प्रहरी नायव उपरिक्षक वेद बहादुर पौडेल लगायत कर्मचारीहरु खेलाडिको रुपमा खेलमा सहभागी हुनुहुन्थ्यो भने पत्रकार  टिमको नेतृत्व नेपाल पत्रकार महासंघ नवलपुरका अध्यक्ष बीरेन्द्र प्रसाद पराजुलीले गर्नुभएको थियो जस्मा पत्रकार महासंघ नवलपुर कार्यसमितका पदाधिकारीहरु लगायत जिल्लामा क्रियाशिल पत्रकारहरु खेलाडिको रुपमा खेलमा सहभागी हुनुभएको थियो।

पत्रकार र कर्मचारीबीचको मैत्रीपूर्ण फूटसल प्रतियोगिताका केही झलकहरु:-













२)त्यसैगरी २०८१ भाद्र १९ गतेका दिन जिल्लाका माध्यमिक तह कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी मध्यबाट जिल्ला स्तरीय निवन्ध लेखन प्रतियोगिता सम्पन्न भएको छ । उक्त प्रतियोगिता शिक्षा बिकास तथा समन्वय इकाई नवलपुर मार्फत सम्पन्न गरिएको हो । कार्यक्रममा जिल्ला भरका माध्यमिक विद्यालयहरु मध्येबाट ८ जना सहभागी भएका थिए । उक्त प्रतियोगितामा जनज्योती मा.वि देवचुली १५ प्रगतिनगरका विद्यार्थी प्रविन काफ्लेले प्रथम स्थान, शिव मा.वि कावासोती-२ शिववस्तीका विद्यार्थी संरचना पोख्रेलले द्धितिय स्थान र मध्यविन्दु बहुमुखी क्याम्पस कावासोती -३ का विद्यार्थी मनिषा भट्टराइले तृतिय स्थान हासिल गर्न सफल भएका थिए । प्रथम, द्धितिय र तृतिय हुने

प्रतियोगिहरुलाई क्रमश ५०००/-, ३०००/- र २०००/- पुरस्कार घोषणा गरिएको छ । पुरस्कार संविधान दिवस सम्बन्धी कार्यक्रममा वितरण गरिने छ ।

जिल्ला स्तरीय निबन्ध लेखन प्रतियोगिताका केही झलकहरु:-










३) कावासोती नगरपालिकाको पर्व पश्चिम लोकमार्गको फलफूल चोकमा भाद्र २० गतेका दिन वृहत खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कुल ३४ जना रक्तदाताहरुले रक्तदान गर्नुभएको उक्त कार्यक्रममा जिल्लाका सवै सरकारी निकायहरुका प्रमुख लगायत कर्मचारी, सञ्चारकर्मी, सुरक्षा कर्मी, नेपाल रेडक्रस जिल्ला शाखा एवं कावासोती

उपशाखाका पदाधिकारीहरु, रक्तदान प्रति इच्छुक आम नागरीक लगायत गरी २०० जनाको सहभागीता रहको उक्त कार्यक्रममा कर्मचारी मिलन केन्द्रका अध्यक्ष वीरेन्द्र प्रसाद पराजुलीले अध्यक्षता गर्नुभएको थियो भने प्रमुख अतिथी प्रमुख जिल्ला अधिकारी अरुण पोखरेल हुनुहुन्थ्यो । सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजाल, प्रहरी उपरिक्षक नरहरी रेग्मी, कार्यालय प्रमुखहरु, शसस्त्र प्रहरी उपरिक्षक, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका कोषाध्यक्ष, नेपाल रेडक्रस सोसाइटी कावासोती उपशाखाका सभापती लगायत विशिष्ट उपस्थिति रहेको उक्त कार्यक्रम सभ्य एवं भव्य रुपमा सम्पन्न भएको थियो । कार्यक्रममा प्राविधिक व्यवस्थापन को कार्य नेपाल रेडक्रस सोसाइटी कावासोती उपशाखाले गरेको थियो भने कार्यक्रम स्थल, खाजा, जुस लगायत अन्य व्यवस्थापन जिल्ला प्रहरी कार्यालय, कावासोती नगरपालिका, आन्तरिक राजश्व कार्यालय लगायतका कार्यालयहरुले गरेका थिए ।

वृहत् रक्तदान कार्यक्रमका केही झलकहरु:-








निजामती सेवा दिवस तथा संविधान दिवस -२०८१ को
अवसरमा आयोजित
रक्तदान कार्यक्रम्
कर्मचारी मिलन केन्द्र










कर्मचारी मिलन केन्द्र

४) सप्ताहाव्यापी रुपमा जिल्ला प्रशासन कार्यालय सँगको समन्वय एवं संयोजनमा कार्यक्रम आयोजना गरेको कर्मचारी मिलनकेन्द्रले भाद्र २१ गतेका दिन कावासोती ८ मा अवस्थित मौला कालिका अपाङ्गता संस्था मा आपाङ्गता भएका बालबालिकाहरुका लागि खाद्यान्न, ग्याँसचुलो तथा नगद समेत वितरण गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजाल र कर्मचारी मिलन केन्द्रका अध्यक्षले संयुक्त रुपमा उक्त सहयोग हस्तान्तरण गर्नुभएको थियो भने कार्यक्रममा प्रमुख मालपोत अधिकृत लगायत बिभिन्न कार्यालयका कर्मचारी, कर्मचारी मिलन केन्द्रका पदाधिकारीहरु, सन्चारकर्मी लगायत सहभागी हुनुहुन्थ्यो ।  उक्त सहयोग वितरण कार्यक्रम प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, डिभिजन बन अधिकृत, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी मिलनकेन्द्रका पदाधिकारीहरु लगायतका कर्मचारीको व्यक्तिगत सहयोगमा सम्पन्न गरिएको हो ।

नगद, खाद्यान्न एवं बस्तुगत सहायता वितरण कार्यक्रमका केही झलकहरु:-









५) २०८१ भाद्र २२ गतेका दिन जिल्ला प्रशासन कार्यालय नवलपुरमा सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रेग्मीको अध्यक्षतामा निजामति सेवा दिवस समारोह आयोजना गरियो । उक्त समारोहमा कर्मचारी मिलनकेन्द्रका अध्यक्ष लगायत पदाधिकारीहरु, बिभिन्न कार्यालयका प्रमुख एवं कर्मचारी लगायतको बाक्लो उपस्थिती रहेको थियो । सार्वजनिक सेवा प्रवाहलाइ छिटो, छरितो र जनमुखी बनाउदै समुदायमा निजामती सेवा प्रतिको विश्वासलाई नयाँ उचाइमा पुर्याउन प्रतिवद्धता सहित कार्यक्रम सम्पन्न गरिएको छ ।

निजामती सेवा दिवस समारोहका केही झलकहरु:-






२०८१ भाद्र २९ गते जिल्लाको सबैभन्दा दुर्गम भुगोलको बौदिकाली गाउँपालिकाको डेढगाउँमा  बौदिकाली गाउँपालिका  र बुलिङ्टार गाउँपालिका समेटेर बृहत् स्वास्थ्य शिविर सञ्चालन गर्न आगामी कार्यक्रम रहेकोले अब सम्पूर्ण ध्यान त्यसैतर्फ केन्द्रित गरी उक्त कार्यक्रम भव्य एवं प्रभावकारी रुपमा सम्पन्न गरिने छ ।